आज मिति २०७७।१२।२५ गते बुधबारका दिन यस चौदण्डीगढी नगरपालिकाका नगर प्रमुख श्री खगेन्द्र राई ज्यूको अध्यक्षतामा यस नरपालिकाको नगर कार्यपालिकाको १२० औं बैठक तपसिलका पदाधिकारीहरु ज्यूहरुको उपस्थितिमा बसियो ।

तपसिल :-

| क्र.स. | नाम थर | पद | सम्पर्क मो. नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री खगेन्द्र राई | नगर प्रमुख | ९८५२८४४०५७<br>९८४१०३०१२७ | |
| २ | श्री रीता कुमारी चौधरी | नगर उपप्रमुख | ९८५२८४४०५८ | |
| ३ | श्री ध्रुवराज आचार्य | प्रमुख प्रशासकीय अधिकृत | ९८५२८४४०४७ | |
| ४ | श्री रोहितमान तामाङ्ग | अध्यक्ष वडा नं. १ | ९८६२९२६२०६ | |
| ५ | श्री सन्तोष सुवेदी | अध्यक्ष वडा नं. २ | ९८१९७४४१२८<br>९८५२८४४०५९ | |
| ६ | श्री पर्शुराम राई | अध्यक्ष वडा नं. ३ | ९८१४७३४८५५<br>९८५२८४४०८२ | |
| ७ | श्री चरण कुमार राई | अध्यक्ष वडा नं. ४ | ९८०५९९९७००<br>९८५२८४४०८५ | |
| ८ | श्री देवनारयण चौधरी | अध्यक्ष वडा नं. ५ | ९८६२८१६६५६<br>९८५२८४४०६७ | |
| ९ | श्री कमलध्वज राई | अध्यक्ष वडा नं. ६ | ९८१९९८९५१८<br>९८५२८४४०६० | |
| १० | श्री तेजराज तिम्सिना | अध्यक्ष वडा नं. ७ | ९८४२८५५९५० | |
| ११ | श्री गडुड बहादुर वि.क. | अध्यक्ष वडा नं. ८ | ९८५२८४४०४९ | |
| १२ | श्री प्रकाश राउत | अध्यक्ष वडा नं. ९ | ९८५२८३५२०८ | |
| १३ | श्री राम कुमार खडका | अध्यक्ष वडा नं. १० | ९८४२९८५०९६ | |
| १४ | श्री देवी कुमारी कार्की | नगर कार्यपालिका सदस्य | ९८१५७५६०६६ | |
| १५ | श्री जानुका कमर | नगर कार्यपालिका सदस्य | ९८४२१५४९०४ | |
| १६ | श्री मदन कुमारी कार्की | नगर कार्यपालिका सदस्य | ९८६३८७३९४३ | |
| १७ | श्री सुन्दर प्रकाश शाह | नगर कार्यपालिका सदस्य | ९८१५७१३९६० | |
| १८ | श्री अस्मिता सार्की | नगर कार्यपालिका सदस्य | ९७४१३६९३६२ | |
| १९ | श्री विमला राई | नगर कार्यपालिका सदस्य | ९७४१४१९७७८ | |
| २० | श्री प्रमीला दनुवार | नगर कार्यपालिका सदस्य | ९८०३९९६६८८ | |

प्रस्तावहरु

१. कार्यपालिकाका अघिल्ला बैठकहरुको समिक्षा सम्बन्धमा ।
२. कोरोना अस्पताल संचालन तथा व्यवस्थापन सम्बन्धमा ।
३. जिल्ला समन्वयमा रहेको मौज्दात कोषबाट योजना माग गर्ने सम्बन्धमा।
४. विश्व स्वास्थ्य दिवश मनाउने सम्बन्धमा ।
५. मेलमिलाप समीति व्यवस्थापन सम्बन्धमा ।
६. जनजाति लक्षित कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा ।
७. दलित लक्षित कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा ।
८. नेपाल राष्ट्रिय मगर संघ उदयपुरको माग सम्बन्धमा ।
९. राहत उपलब्ध गराउने सम्बन्धमा ।
१०. कृषि समीतिको बैठकको निर्णय अनुमोदन सम्बन्धमा ।
११. आलुको बीउ कोल्ड स्टोरमा राख्ने खर्च सम्बन्धमा ।
१२. विभिन्नवडा बाट माग भइ आएका योजनाहरुको सम्बन्धमा ।
१३. यस नपा को भूमि इकाइबाट माग भइ आएको सामान खरिद सम्बन्धमा ।
१४. औषधी खरिद सम्बन्धमा ।
१५. नगर खेलकुद विकाश समितिको माग सम्बन्धमा ।
~~१६. उदयपुर ब्याण्डबल एकेडेमीको सम्बन्धमा ।~~
१६. साना सिंचाई योजनाको भुक्तानी सम्बन्धमा ।
१७. औषधी उपचार आर्थिक सहयोग सम्बन्धमा ।
१८. औद्योगीक ग्राम सम्बन्धमा ।
१९. तारजाली खरिदको रकम भुक्तानी दिने सम्बन्धमा ।
२०. फार्मेसी संचालन सम्बन्धमा ।
२१. पत्रपत्रिको सम्बन्धमा/छलफल तथा निर्णयहरु
२२. आरिन्तियारी दिई वारिस नियुक्त गर्ने सम्बन्धमा ।

निः नं.१ प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नपा को चालु आ.व.मा हाल सम्म भएका कार्यपालिकाका बैठकका सबै निर्णयहरुको बारेमा विस्तृत रुपमा समिक्षा गरियो । चालु आ.व.का हाल सम्मका सबै निर्णयहरु सन्तोष जनक रुपमा कार्यान्वय भएको पाइएको हुँदा नगर कार्यपालिकाबाट भएका निर्णयहरु नपाको वेबसाइटमा राख्ने निर्णय गरियो ।

नि.नं.२ प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नपा को वडा नं. ६ मा निर्माण भएको उदयपुर कोभिड-१९ अस्पताल संचालन तथा व्यवस्थापनको लागी आवश्यक बजेट तथा सहकार्यको लागी प्रदेश सरकार सँग माग गर्ने निर्णय गरियो ।

निं.नं.३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा जिल्ला समन्वय समिति उदयपुरमा रहेको मौज्दात कोषमा रहेको रकम मध्ये यस नपा ले पाउन पर्ने रकमबाट तपसिले अनुसारका योजनाहरु संचालन गर्ने योजना माग गर्ने निर्णय गरियो ।

तपसिल

१. यस नपा को वडा नं. ३,६,८ र ९ को वडा कार्यालय भवन घेराबेरा तथा व्यवस्थापन ।

२.

निं.नं.४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा विश्व स्वास्थ्य दिवस २०२१ "स्वास्थ्य विश्वको लागि : समतामूलक स्वास्थ्य सेवा" भन्ने मूल नाराकासाथ मनाउने निर्णय गरियो ।

निं.नं.५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नपा० को १० वटै वडामा रहेका मेलमिलाप समितिहरुको सम्बन्धित वडा कार्यालय-मा बोर्ड तयार गरेर राख्ने र मेलमिलाप समितिको - व्यवस्थापनका कार्यहरु गर्ने निर्णय गरियो ।

निं.नं.६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस न.पा.को नपा० स्तरीय आदिवासी जनजाति नगर समितिको मिति २०७७।१२।१९ गतेको निर्णय अनुमोदन गर्ने निर्णय गरियो । साथै उक्त - बैठकले तयार गरेको नगर भरीका १२० जना अतिविपन्न लाई हलुका— सवारी चालकको तालिम दिने र लाइसेन्स समेत उपलब्ध गराउने कार्यक्रम तय गरेको हुँदा उक्त कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो । कुल खर्च रकम रु. १०,२१,०००।-

निं.नं.७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नपा० को नगर स्तरीय दलित समन्वय समितिको ~~मामा~~ मिति २०७७।१२।१८ गतेको बैठकको निर्णय अनुमोदन गर्ने निर्णय गरियो । साथै उक्त बैठकबाट छनौट भएका तपसिलका योजनाहरु स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

१. नगरस्तरीय दलित भवनमा शौचालय निर्माण, घेराबेरा र मर्मत कार्य छ।
२. खुर्सानीको अचार बनाउने तालिम संचालन नगरस्तरीय छ।

**नि.नं. ८** प्रस्ताव नं. ८ माथि छलफल गर्दा नेपाल मगर संघ जिल्ला कार्य समिति उदयपुरको आयोजनामा मिति २०७७।१२।२१ गते र २२ गते संघको १ नं. प्रदेश स्तरीय सम्मेलन गरेको हुँदा उक्त संघको माग बमोजिम यस नपा को जनजाति शीर्षकमा विनियोजित रकम बाट रु. २५,०००।- उपलब्ध गराउने निर्णय गरियो। साथै यस नपा को आदिवासी जनजाति शीर्षकबाट अखिल नेपाल राष्ट्रिय मगर केन्द्रिय समितिलाई रु. ३५,०००।- उपलब्ध गराउने निर्णय गरियो।

**नि.नं. ९** प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नपा को विभिन्न वडाबाट विभिन्न प्रकारका क्षतिहरुको राहत माग भई आएको हुँदा तपसिल अनुसारको राहत उपलब्ध गराउने निर्णय गरियो।

तपसिल

१. नारायण खत्री वडा नं. ५ (हात्तिको क्षति) रु. ५०००।-

**नि.नं. १०** प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नपा को कृषि समितिको मिति २०७७।१२।१२ गते, मिति २०७७।११।०७ गते र मिति २०७७।१२।१९ गते बसेको बैठकको निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

**नि.नं. ११** प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस नपा का विभिन्न वडाका किसानहरुको माग बमोजिम आलुको बीउ खरिद १६०० बोरा कोल्ड स्टोरमा पठाउनु पर्ने भएकोले उक्त आलु लोड तथा ढुवानीको लागि आवश्यक रकम रु. १,२०,०००।- यस नपा को विपद व्यवस्थापन, मर्मत संभार तथा भैपरी शीर्षक बाट खर्च गर्ने निर्णय गरियो।

नि.नं.१२ प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस न.पा.को विभिन्न वडाबाट माग भई आएका तपसिलका योजनाहरु यस न.पा.को विपद व्यवस्थापन, मर्मत तथा सम्भार शीर्षकबाट बजेट उपलब्ध गराई उक्त योजनाहरु सञ्चालन गर्ने निर्णय गरियो ।

तपसिल

१. कुवारखानी खोला नदि नियन्त्रण वडा नं. ६ रु. १,५२,०००।-
२. ज्योति मा.वि. बेल्टारमा खानेपानी जडान वडा नं. ६ रु. ५६,०००।-
३. पश् हरिया भेवशी लाइन बाख्रा हरिया बाँध निर्माण वडा नं. ७ रु. ८००,०००।-
४. एफ.पि.एफ. प्रवेशद्वार तथा बिट निर्माण रु. ४००,०००।-
५. रमाइलोडाँडा खानेपानी योजना सञ्चालनको लागि पाइप खरिद वडा नं. ३ रु. १,२६,५००।-
६. शहरी स्वास्थ्य केन्द्र भवन मर्मत तथा व्यवस्थापन वडा नं. ५ रु. १,९५,०००।-
७. ज्वालादेवी महिला कृषक समूह भवन व्यवस्थापन वडा नं. ९ कुलुङ्ग-टार रु. ६०,०००।-
८.

नि.नं.१३ प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस न.पा.को भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासी-हरुको जग्गा नापजाँच गर्नका लागि आवश्यक पर्ने सामाग्रीहरु भूमि इकाईबाट माग भई आएको हुँदा उक्त माग बमोजिम-का सामानहरु तत्काल खरिद गर्नु पर्ने भएको हुँदा न.पा.को चालु आ.व.मा स्वीकृत योजनाहरुबाट कम प्राथमिकताका योजना-बाट रकम व्यवस्था गरी आगामी बैठकबाट बजेट शीर्षक कायम गर्ने गरी आवश्यक सामाग्रीहरु खरिद प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

नि.नं.१४ प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस न.पा. क्षेत्रमा रहेका स्वास्थ्य संस्थाहरुमा औषधी अभाव भई माग आएको हुँदा हाललाई अति आवश्यक औषधीहरु खुल्ला दररेट माग गरी तत्काल खरिद गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

नि.नं.१५ प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस न.पा.को मिति २०८०।१२।०३ गतेको निर्णय अनुसार मिति २०८१।१।१० गते देखि संचालन हुने चौधौं खेलकुद महोत्सवमा - समावेश हुने गरि यस नगर क्षेत्रमा रहेका सबै विधाका खेल प्रतिनिधि छनौट नगर खेलकुद विकास समितिले पेश गरेको तपसिल अनुसारका शीर्षकहरुको लागि कुनै संशोधन सहित अनुमोदन गर्ने र उक्त रकम यस नपा को सम्बन्धित शीर्षकमा विनियोजित रकमबाट उपलब्ध गराउने निर्णय गरियो।

तपसिल

१. भलिबल अन्तर जिल्ला अन्तर पालिका (खुल्ला) रु.
२. ह्याण्डबल वडा तथा नगर स्तरीय रु.
३. तेक्वान्दो अन्तर जिल्ला अन्तर पालिका (प्रदेश नं १ भरी) रु.
४. ब्याडमिन्टन प्रदेशस्तरीय (सिङ्गल, डबल, मेट्रान्स) रु.
५. फुटबल वडा स्तरीय महिला + पुरुष) रु.
६. साइकलिङ रु.
७. क्रिकेट रु.

नि.नं.१६ प्रस्ताव नं. १६ माथि छलफल गर्दा यस नपामा - संचालित साना सिंचाइ योजनाको भुक्तानीको लागि स्वीकृत - LMBIS मा स्वीट्जरल्याण्ड एस.डि.सि. को सोझै भुक्तानी अनुदान, नेपाल सरकार सशर्त अनुदान, प्रदेश सरकार सशर्त अनुदान, नगरपालिका समपुरक कोष (साना सिंचाइ कार्यक्रम) बाट नियमानुसार हाल उपलब्ध बजेटबाट खर्च गर्ने र सो बमोजिम हिसाब मिलान हुने गरी खर्च गर्ने निर्णय पारित गरियो।

नि.नं.१७ प्रस्ताव नं.१७ माथि छलफल गर्दा यस न.पा.को विभिन्न वडाबाट विपन्न नागरिकहरुको स्वास्थ्य उपचारको लागि आर्थिक सहयोगको लागि सिफारिस भई आएको हुँदा तपसिल अनुसार आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

तपसिल

१. राजु बि.क., वडा नं. ६ (क्यान्सर) रु. ५०,०००।-
२. खड्ग बहादुर राई, वडा नं. ४ (मुटुरोग) रु. १०,०००।-
३. प्रभु खत्री, वडा नं. ५ (कडा संक्रमण) रु. ५०००।-
४. पुरवी चौधरी वडा नं. १० (उच्च रक्तचाप) रु. २०००।-
५. उमेश राई वडा नं. ९ (इन्सेफालाइटिस) रु. १०,०००।-

७७,०००।-

नि.नं.१८ प्रस्ताव नं. १८ माथि छलफल गर्दा यस न.पा.को मिति २०७६ । । गतेको नगर कार्यपालिकाको निर्णय अनुसार यस न.पा.को वडा नं. ६ सातघारे सिरान ज्योति जनता बहुमुखी क्याम्पसको पूर्वपट्टीको सार्वजनिक जग्गामा औद्योगिक ग्राम स्थापना गर्ने निर्णय भएको र उक्त स्थानमा औद्योगिक ग्राम निर्माणको लागी घरेलु तथा साना उद्योग कार्यालय उदयपुरको च.नं. २०७८ मिति २०७६।१२।१६ गतेको पत्रसाथ यस न.पा.को वडा नं. ६ मा निर्माण हुने औद्योगिक ग्रामको DETAIL PROJECT REPORT (DPR) VOL-1 र VOL-II प्राप्त यस न.पा. उपलब्ध गराएको हुँदा उक्त औद्योगिक ग्राम निर्माणको लागी उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय प्रदेश नं. १ मा आवश्यक बजेट व्यवस्थाको लागी अनुरोध गर्ने निर्णय गरियो ।

नि.नं.१९ प्रस्ताव नं. १९ माथि छलफल गर्दा बर्षातको समयमा यस न.पा.का विभिन्न वडामा रहेका खोला तथा खहरेहरुमा आएको बाढीको कारण खेतियोग्य जमिन तथा मानव बस्तिमा पुऱ्याएको क्षति रोकथाम तथा नदि नियन्त्रणको लागी न.पा.का विभिन्न वडाबाट तारजालीको माग आएकोमा नगरस्तरीय विपद व्यवस्थापन तथा तारजाली खरिद नदिनियन्त्रण उपभोक्ता समिति गठन भई उक्त समिति मार्फत नदि नियन्त्रण कार्य संचालन गरिएकोमा उक्त खर्च रकम भुक्तानी दिन बाँकी रहेकाले यस न.पा.को विपद् व्यवस्थापन तथा तारजाली खरिद र विपद् व्यवस्थापन, भैपरी तथा मर्मत - सम्भार शीर्षकमा विनियोजित रकमबाट र उक्त नगरस्तरीय समिति लाई नदि नियन्त्रण बापतको खर्च रकम रु.४८,६२,०००/- भुक्तानी दिने निर्णय गरियो ।

नि.नं.२० प्रस्ताव नं. २० माथि छलफल गर्दा यस न.पा.को नगर अस्पतालमा फार्मेसी संचालनको लागी औषधी खरिद गर्ने बजेट विनियोजन गरि सूचना प्रकाशन गरिएकोमा प्रयाप्त मात्रामा प्रस्ताव नआएको र आएको प्रस्ताव समेत अपूर्ण आएको हुँदा उक्त फार्मेसी संचालनको लागी नीजि फार्मेसीहरुबाट प्रस्ताव मागको लागी सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**नि.नं.२१** प्रस्ताव नं.२१ माथि छलफल गर्दा यस संस्था तर्फ जिल्ला को विभिन्न क्षेत्रमा संचालित पत्रपत्रिकाहरुको माग बमोजिम उक्त पत्रिकाहरुको प्रवर्द्धनको लागि यस संस्था को सूचना संचार प्रवर्द्धन शीर्षकबाट तपसिलको रकम उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

१. चौदण्डीगढी साप्ताहिक पत्रिका चौ.न.पा. ८ रु. २०,०००।-
२. दुर्गम एक्सप्रेस साप्ताहिक पत्रिका चौ.न.पा. ८ रु. २०,०००।-
३. वरिष्ठ पत्रकार कौशल चेम्जोङको पुस्तक खरिद रु. १,२५,०००।-

**नि.नं.२२** प्रस्ताव नं.२२ माथि छलफल गर्दा जिल्ला उदयपुर चौदण्डीगढी नगरपालिका वडा नं. ६ बस्ने सञ्जय नायकको द्वारा सागर नायकले यस चौदण्डीगढी नगरपालिकालाई विपक्षी बनाई श्री सम्मानित सर्वोच्च अदालतमा उत्प्रेषण परमादेश (०८८-WO-०८४९) समेत मुद्दा दायर गरी उल्लेख मुद्दाको मिति २०८८।१२।२० गते म्याद तामेल भई जानकारी पाएको हुँदा म्यादभित्र उल्लेख मुद्दामा लिखित जवाफ लेखी लेखाई दर्ता गर्न दोहि मुद्दाको काम कार्वाही -को लागी यस नगरपालिकाको तर्फबाट वारिस नियुक्ति गर्नु पर्ने भएकोले जिल्ला काभ्रेपलाञ्चोक भुम्लु गाउँपालिका वडा नं.१ स्थायी घर भई हाल काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालि-का वडा नं.२६ मैतिदेवी बस्ने विष्णुकान्त ढुंगानाको नाति -बाबुराम ढुंगानाको छोरा वर्ष ४३ को कमल ढुंगाना (नाप्रप नं.३०-०१-८३-१२४५) लाई लिखित जवाफ लेखी लेखाई दर्ता गर्ने र मुद्दामा तारिखमा रहि मुद्दा पुर्पक्ष गर्ने समेतको लागी अख्तियारी दिई वारिस नियुक्ति गर्ने भनी सर्वसहमतिबाट निर्णय गरियो ।